# ११ शबाथ

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* यूहन्ना १:१-३, मत्ती १२:१-५, लूका ४:१६-२१, यूहन्ना ५:१६-१७, मत्ती २४:२०।

स्मरण गर्नुपर्ने पदः "अनि येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको निम्ति नैं शबाथ सृष्टि गरिएको हो। शबाथको निम्ति मानिस सृष्टि गरिएको होइन। त्यसैकारण, मानिसको पुत्र पनि शबाथको स्वामी हो।" (मर्कूस २:२७,२८ रूपान्तरित)।

**यस संसारमा येशूको सेवाकार्यभरि नै धार्मिक पण्डित तथा अगुवाहरूले उहाँले अपनाउनुभएको शबाथको बारेमा आपत्ती जनाएका थिए।** जब तिनीहरूले उहाँको आलोचना गरे तब उहाँले आफू शबाथको स्वामी हो भनेर आफ्नो अख्तियारलाई उहाँले औंल्याउनुभएको थियो (मत्ती १२:८, मर्कूस २:२८, लूका ६:५)। उचितरूपमा शबाथ पालन गर्नु भनेको के हो भनेर उहाँले आफ्नै जीवनपद्धतीद्वारा देखाउनुभएको थियो।

आज हामी शबाथलाई उचितरूपमा कसरी पालन गर्ने भन्ने विषयमा चुनौतीको सामना गरिरहेकाछौं। प्रायजसो सारा इसाई जगतमा र साथै संसारमा आइतबारलाई लोकप्रिय दिनको रूपमा लिइरहेको सन्दर्भमा त्यसको विपरित दिन शनिबारलाई नै शबाथ भनेर ठोकुवा गरेर चल्नु त्यतिको सजिलो छैन। तर जसले आइतबारलाई नै शबाथ भनेर समर्थन गर्छन् तिनीहरूले सुसमाचारको पुस्तकहरूमा त्यसको बारेमा खोजनिति गरे भने कहीं पनि त्यो दिनलाई अनुमोदन गरेको तिनीहरूले पाउँदैन। यदि शबाथको बारेमा विवाद गरेको सुसमाचारको पुस्तकहरूमा पाइन्छ भने त्यो विवाद, शबाथलाई कसरी पालन गर्ने भन्ने विषयमा भएको पाउँछ तर कुन दिन शबाथ भनेर कहिले पनि विवाद भएको थिएन। परमेश्वरले विश्राम लिनुभएको दिन हप्ताको सातौं दिन हो र त्यसले निरन्तरता पाउँछ भन्ने कुरामा कुनै शङ्का नभएको येशूको जीवन र शिक्षादीक्षामा पाइन्छ। अझ उहाँको मृत्यु र पुनरुत्थानपछि पनि त्यसको निरन्तरता कायमै हुन्छ भनेर येशूले औंल्याउनुभएको

थियो। शबाथसँग ख्रीष्टको सम्बन्ध के छ र त्यसमाथि उहाँको अधिकार के छ भनेर हामीले यस अध्यायमा नियाल्नेछौं। शबाथ पालन गर्ने विषयमा उहाँले छोडेर जानुभएको उदाहरण र शिक्षालाई हामी अध्ययन गर्नेछौं। अन्तमा उहाँको शिक्षामा मात्रै होइन उहाँको पुनरुत्थानपछि उहाँका चेलाहरूले उदाहरणमार्फत शबाथको बारेमा नीति अपनाएको हामी हेर्नेछौं।

## १ शबाथको सृजनकर्ता येशू ख्रीष्ट नै हुनुहुन्छ (यूहन्ना १:१-३)

**देहायका पदहरूले संसारको उत्पतिमा येशूको भूमिका के थियो भनेर देहाउँदछन्। शबाथको सुरूवातको बारेमा जानकारी लिन विशेष गरेर ती पदहरू किन महत्त्वपूर्ण मान्नुपर्दछ? हेर्नुहोस् यूहन्ना १:१-३ "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।", कलस्सी १:१६ "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्।, र हिब्रू १:१,२ "प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। २ तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भएको थियो।"**

देहायका प्रख्यात शब्दहरू प्रयोग गरेर यूहन्नाले आफ्नो सुमाचारको पुस्तक सुरू गर्छन्: "आदिमा वचन थियो (येशू)....सबै थोक उहाँबाट नै सृष्टि गरिएका थिए र उहाँ बिना कुनै थोक पनि सृष्टि भएको थिएन।" (यूहनना १:१-३ रूपान्तरित)। सृष्टिको मामिलामा ख्रीष्टले गर्नुभएको कामलाई दुवै यूहन्ना र पावल एकमत भएको पाइन्छ। परमेश्वर पुत्र, येशू ख्रीष्टले सबै थोक सृष्टि गर्नुभएको थियो: "सबै थोक

उहाँद्वारा सृष्टि भएको थियो। स्वर्ग र पृथ्वीमा भएका यावत थोकहर उहाँले नै सृष्टि गर्नुभएको थियो। देखिने र नदेखिने प्रत्येक थोक उहाँले नै सृष्टि गर्नुभएको थियो।...सबै थोक उहाँले नै सृष्टि गर्नुभएको थियो र उहाँकै निम्ति सृष्टि भएको थियो।" (कलस्सी १:१६ रूपान्तरित)। ख्रीष्टद्वारा नै परमेश्वरले सारा जगत सृष्टि गर्नुभएको थियो। त्यसमा भएका सौर्य मण्डल, पृथ्वी र जीवित र अविजीवित सबै थोकका सृजनहार येशू नै हुनुहुन्थ्यो।

मानिसको निम्ति उद्धारकर्ता हुनुहुने ख्रीष्ट त्यस मानिसको सृष्टिकर्ता पनि थियो। सृष्टिको हप्ताको अन्तमा नै प्रभुले हामीलाई विश्राम दिन दिनुभयो। "शबाथ मानिसको निम्ति सृजेको हो। यो प्रभुको दिन हो। यो ख्रीष्टको अधिनमा रहेको दिन हो।....सबै थोक उहाँले सृष्टि गर्नुभएकोले शबाथ पनि उहाँले नै बनाउनुभएको थियो। सृष्टिको सम्झनाको निम्ति शबाथ स्मारकको रूपमा उहाँले अलग गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ.२८८बाट रूपान्तरित।

त्यही परमेश्वर जसले विश्रामको आवश्यकतालाई मानिसको हृदयमा सृजना गर्नुभयो त्यही परमेश्वरले उसलाई विश्राम गर्न समय पनि निर्धारण गरिदिनुभयो। त्यो साप्ताहिक विश्रामको दिन अर्थात् शनिबारको दिन हो। छ दिनसम्म सबै काम गरेर र सबै दुःखकष्ट आदि समस्याहरूलाई पन्छाएर आफ्नो सृष्टिकर्ता परमेश्वरमा विश्राम लिन आह्वान गरिएको दिन सातौं दिन शबाथ हो। सृष्टिको काम सकिएपछि ख्रीष्ट आफै त्यस दिनमा विश्राम लिनुभयो। उहाँ थाकिनुभएकोले आराम लिनुभएको थिएन। तर उहाँले त्यस दिनलाई आशिष दिन चाहनुभएको थियो र साथै त्यसलाई पवित्र बनाएर हामीले त्यसलाई मानोस् भनेर उदाहरणको स्वरूप आफूलाई प्रस्तुत गर्नुभएको थियो। हामीहरूलाई मुक्ति दिने काम सम्पन्न गर्न क्रुसमा मर्नुभएपछि पनि उहाँ शबाथमा विश्राम गर्नुभएको थियो। उहाँलाई आराम गर्न आवश्यक भएकोले चिहानमा विश्राम लिनुभएको थिएन। तर शबाथ हप्ताको विशेष दिन हो त्यो दिन स्मारकको रूप सदासर्वदा रहनेछ भनेर समर्थन देखाउन उहाँ चिहानमा पनि विश्राम गर्नुभएको थियो। बेचैन भएको मानव जातिलाई उहाँमा चैन वा विश्राम गरून् ख्रीष्टले समस्त

मानव जगतलाई आग्रह गर्नुहुन्छ (मत्ती ११:२८,२९)। हप्ताको एक दिन प्रत्येक शबाथको दिनमा विशेष किसिमको विश्राम लिन उहाँ चाहनुहुन्छ।

**सृष्टिको सुरू र हाम्रै जीवनको सुरूसँग शबाथ गाँसिएको छ। यथार्थमा त्यो दिन हामी सबैको निम्ति यस्तो सोच्ने दिन हो कि परमेश्वरले दिनुभएको मेरो जीवनलाई मैले के गरिरहेको छु? (मेरो जीवन परमेश्वरको उपहार हो, त्यो जीवन म के गर्छु त्यो परमेश्वरलाई दिने मेरो उपहार हो। त्यो उपहारलाई हामीले कसरी सदुपयोग गरिरहेका छौं भनेर देखाउन परमेश्वरले हामीलाई शबाथ दिन दिनुभएको छ।–अनुवादकको टिप्पणी)।**

## २. येशू ख्रीष्टः शबाथको प्रभु (मत्ती १२:१,२)

**येशूका चेलाहरूले एक आचरण देखाएका थिए जुन् फरिसी पण्डितहरूले घोर आपत्ती जनाएका थिए। त्यो के थियो हेर्नुहोस् मत्ती १२:१,२ "त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।"**

व्यवस्था २३:२५मा भन्दछः "जब तिमी छिमेको खेतमा जान्छौ तब अन्नहरू टिप्न सक्छौ। तर अन्नका बालाहरूचाहिँ नकाट्नु" (रूपान्तरित)। येशूका चेलाहरूले जुन् काम गरे त्यो आफैमा समस्या थिएन।रब्बी अर्थात् धार्मिक स्वामीहरूले शबाथ पालन कसरी गर्ने भनेर धेरै नियमहरू निकालेका थिए। त्यसमा शबाथको दिनमा अन्नका बाला काट्नु, त्यसलाई चुटेर निफन्नु मनाही गरेको थियो। येशूको दोष भेट्टाउन चियो गरिरहेका पण्डितहरूले जब उहाँका चेलाले जे काम गरे त्यसप्रति आपत्ती जनाएका थिए। तिनीहरूको नियम अनुसार चेलाहरूले टिपेको अन्नले बाली काटेको, हातमा राखेर भुस र अन्न छुट्याएकोलाई चुटेको देखाएको हुनाले त्यो कार्य शबाथको नियमलाई उल्लङ्घन गरेको देखाएको थियो। त्यसले गर्दा तिनीहरूले अनुचित काम गरेको भनेर पण्डितहरूले येशूको सामु चेलाहरूलाई दोषी ठहऱ्याइएको थियो।

ती पण्डितहरूले व्यक्त गरेका आपत्तीलाई येशूले तिनीहरूलाई उदाहरणहरूसहित मुखभरि

**जवाफ दिनुभएको थियो। त्यो जवाफ किन महत्त्वपूर्ण छ भनेर हामीले सोच्नुपर्दछ? हेर्नुहोस् मत्ती १२:३-५ "तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्?"**

पुजारीले मात्र खानु पर्ने रोटी दाउद र उनका जवानहरूले खान्नु हुन्नथ्यो (१ शामूएल २१:१-६, लेवी २४:९)) भनेर येशूले तिनीहरूसँग तर्क राख्नुभएको थियो। तर दाउद र जवानहरूको जीवन जोखिममा परेको हुनाले तिनीहरूलाई परम्परा वा संस्कारलाई तोड्न अनुमति दिनु आवश्यक थियो। दोस्रो उदाहरण येशूले प्रयोग गर्नुभएकोमा शबाथको दिनमा मन्दिरमा गरिने बली र भेटीका विधिहरू थिए। शबाथ दिनमा चढाउने बली र भेटी अरू दिनहरूभन्दा दोब्बर थियो (गन्ती २८:९,१०)। शबाथको दिनमा शबाथभन्दा मन्दिरमा गरिने सेवाकार्यले प्राथमिकता पाउनु पर्छ भनेर यहूदीहरूले मानेका थिए।

दुईवटा उदाहरणहरू दिएर यहूदीहरूको नीतिनियमसँग येशू असहमत जनाउँदै शबाथको बारेमा कसको अधिकार छ भनेर उहाँले तिनीहरूलाई जवाफ दिनुभएको थियो (१) "मानिस जातिको निम्ति शबाथ बनाइएको हो, तर शबाथको निम्ति मानिस बनाइएको होइन।" (मर्कूस २:२७ रूपान्तरित)। शबाथको सुरू अदनको बगैंचामा भएको थियो भनेर येशूले यहाँ जोड दिनुभएको थियो। मानिस र शबाथको बारेमा फरिसीहरूले लिएको गलत धारणालाई पनि उहाँले सच्याउनुभएको थियो। मानव जगतको सहायताको निम्ति शबाथ सृष्टि गरिएको थियो र त्यो दिनमा मानव कल्याणको निम्ति परमेश्वरले दिनुभएको बरदानहरूले निरन्तरता पाउनुपर्छ भन्ने उहाँको जिकिर थियो। शबाथ दिनलाई सेवा गर्न होइन तर शबाथ दिनले मानिसको सेवा गर्नु पर्छ भन्ने तर्क येशूको थियो। र (२) "मानिसको पुत्र

शबाथको पनि प्रभु हो" (मर्कूस २:२८ रूपान्तरित) भन्दा उहाँ सृष्टिकर्ता र शबाथमाथिको अधिकार उहाँमा छ भनेर ख्रीष्टले आफू कुन स्तरमा हुनुहुन्छ भनेर स्पष्ट पार्नुभएको थियो। शबाथको बारेमा मानिसले रचिएका नीतिनियमहरूबाट स्वतन्त्र पार्ने अधिकार उहाँमा मात्र छ भनेर ती पण्डितहरूको सामु खुलासा गर्नुभएको थियो।

**ख्रीष्ट आफैले सृष्टि गरेर पवित्र बनाउनुभएको शबाथलाई तोड्नुभयो भनेर परमेश्वरका जनहरूका आत्मिक धर्मगुरूहरूले उहाँलाई दोषी ठहऱ्याइएका थिए। आत्मज्ञान भएका तर आत्मिक रूपमा अन्धा भएका मानिसहरू कस्तो धरापमा पर्न सक्छन् भनेर यस अंशले कस्तो सन्देश दिँदछ?**

## ३. येशूको अनुकरणीय उदाहरण (लूका ४:१६)

**दश आज्ञा समेत शबाथप्रति येशूको धारणा र प्रतिवद्धता वर्तमान परिप्रेक्ष्यमा हामीलाई पनि अत्यन्त महत्त्वपूर्ण छ। उहाँको आचरणले व्यक्त गर्नुभएको प्रतिबद्धता लूका ४:१६मा दिइएको र यूहन्ना १४:१५ र १ पत्रुस २:२१लाई पढ्नुहोस्ः लूका ४:१६ “उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो।" यूहन्ना १४:१५ “तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।" १ पत्रुस २:२१ “किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ।"**

परम्परा भनेर लूकाले प्रयोग गरेका शब्द ग्रीक अर्थात् युनानी भाषाबाट आएको हो। त्यसको अर्थ धेरै समयदेखि चलिआएको रीति हुन् भनेर जनाउँछ। त्यसको अर्थ सकेसम्म निरन्तररूपमा येशूले प्रत्येक शबाथ यहूदी आराधनास्थल वा सिनिगमा सरिक हुनुहुन्थ्यो। यहूदी परम्परा लूकाले यति मानेका थिए कि येशू विभिन्न शबाथमा आराधनामा जानुभएको थियो भनेर आफ्नो सुसमाचारको पुस्तकमा चार पल्ट प्रयोग गरेका थिए (लूका ४:१६, ३१, ६:६,, १३:१०)। फेरि शबाथ भनेको अरू कुनै दिन नभएर हप्ताको सातौं दिन हो भनेर लूकाले स्पष्ट

पारेका थिए (लूका २३:५४-२४:१)। यहूदीहरूकै साथमा आफ्नो सेवाकार्यभरि येशू ख्रीष्टले हप्ताको सातौं दिन शबाथलाई रीति अनुसार पालन गर्नुभएको थियो। सीनैको पहाडमा दश आज्ञा दिइएको र सृष्टिको सुरूमा सृजिएको साप्ताहिक चक्र यथावतनै छ भनेर येशूको त्यस आचरणले प्रमाणित गर्दछ। येशूले छोडेर जानुभएको उदाहरण नै प्रत्येक इसाईले पालन गर्नुपर्ने चलन हो भनेर स्वीकार्नुपर्दछ। कुन समयमा र कसरी शबाथलाई पालन गर्नुपर्छ भनेर आफ्नै जीवनबाट येशूले छोडेर गएको उदाहरणको पछि लाग्नु प्रत्येक येशूभक्तको कर्तब्य हो।

चलनचल्ती अनुसार येशू शबाथ दिनभा यहूदी सिनिगग अर्थात् आराधनास्थलमा जानुहुन्थ्यो। एक दिन उहाँले त्यहाँ के पढ्नुभयो? हेर्नुहोस्ः लूका ४:२१ " उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ "परमप्रभुका आत्मा ममाथि छ,
किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति
उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।"

यहूदी आराधनास्थलमा येशूले धर्मशास्त्र पढ्नुभएको र त्यसको बारेमा टिप्पणी गर्नुभएको त्यो पहिलो पल्ट थिएन। यर्दन नदीमा उहाँले बप्तिस्मा लिनुभएको एक वर्षभन्दा बढी भइसकेको थियो। तर आफ्नो सिकर्मीको काम छोडेपछि नासरथमा आउनुभएकोचाहिँ यो पहिलो पल्ट थियो। त्यही ठाउँमा उहाँले आफ्नो जीवनको प्रथम तिस वर्ष बिताउनुभएको थियो। त्यहाँको स्थानीय यहूदी आराधनास्थलमा हुने सेवाकार्यमा उहाँ सरिक हुनुहुन्थ्यो। उहाँको युवाअवस्थामा "जब

सिनिगगमा जानुहुन्थ्यो तब अगमवक्ताका पुस्तकहरूबाट पढेर पाठ सिकाउन उहाँलाई प्रायजसो अनुरोध गरिन्थ्यो। पवित्र धर्मशास्त्र पुरानो करारबाट जब उहाँ पढ्नुहुन्थ्यो र त्यसको बारेमा वाख्या गर्नुहुन्थ्यो श्रोताहरूको हृदयमा आत्मिक जागरण हुन्थ्यो किनभने उहाँले वाख्या गर्दा नयाँ नयाँ अर्थहरू खोल्नुहुन्थ्यो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ७४बाट रूपान्तरित।

तर लूका ४ अध्यायमा उल्लेख गरेका शबाथमा अरू शबाथभन्दा फरक थियो। त्यसबेला उहाँले विशेष गरेर यशैया ६१:१,२ पढ्नुभएको थियो। त्यसमा पृथ्वीमा गरिने मसीहको काम गरिनेबारेमा वाख्या गरएको थियो। परमेश्वरले निर्धारण गर्नुभएको वर्षमा मसीह आउनुभएर प्रचार कसरी गरिनेछ भनेर उपरोक्त पदमा उल्लेख गरिएको थियो। त्यो वर्ष शबातिकल अर्थात् आनन्दको वर्ष थियो (यहूदीहरूको निम्ति परमेश्वरले नै तोक्नुभएको शबातिकल वर्ष भनेको प्रत्येक पाँच पाँच वर्षमा खेतमा अन्न रोप्न रोकिन्थ्यो र त्यस वर्ष खेतको निम्ति विश्रामको वर्ष हुन्थ्यो। त्यस वर्षमा इस्राएलीहरूले एक आपसमा लिएका सबै ऋण तिरि सकेको हुन्थ्यो। र त्यसको फलस्वरुप त्यस शबाथिकल वर्ष तिनीहरूले खुशियाली मनाउने वर्ष भनेर तोकिएको थियो। त्यसमा अरू चलनहरू पनि गाँसेको हुन्थ्यो)। शबाथ अर्थात् विश्रामको दिनलाई चुनेर उहाँले आफ्नो सेवाकार्यको सुरूको घोषणा गर्नुभएको थियो। मानिसलाई मुक्ति दिने, स्वतन्त्र दिने र स्वस्थ बनाउने काम उहाँलाई सुम्पिएको छ भनेर उहाँले सार्वजनिकरूपमा घोषणा गर्नुभएको थियो। हो, येशूमै हामी विश्राम पाउँछौं। जब प्रत्येक शबाथ सकारात्मकरूपमा विश्राम लिन्छौ तब हामी पनि येशूमा आनन्दको उपभोग गर्दछौं।

## ४ शबाथमा गर्नुभएका आश्चर्य कामहरू ((मत्ती १२:१०-१२)

येशूले शबाथ दिनमा धेरै आश्चर्यका कामहरू गर्नुभएको थियो भनेर सुसमाचारको पुस्तकहरूमा उल्लेख गरेका छन्। यसो हेर्दा येशूले अरू दिनमा निको पार्न सक्नुभएतापनि शबाथ दिनमा पनि जानाजानी निको पार्नुभएको देखिन्छ। शबाथ दिनमा आएका बिरामीहरूलाई अर्कै दिनमा निको पार्न सक्नुहुन्थ्यो। तर येशूले यहूदीहरूलाई एक

महत्त्वपूर्ण कुरा सिकाउन चाहनुहुन्थ्यो। यहूदी परम्परा अनुसार शबाथ दिनमा निको पार्नु अवैध थियो। तर फरिसी र अरू धार्मिक गुरूहरूले शबाथ दिनमा गरिने अरू कामहरू भन्दा त्यस दिन बिरामीलाई निको पार्नु उचित थियो भनेर येशूले औंल्याउन चाहनुभएको थियो।

यहूदी धर्मगुरूहरूको विरोधको बाबजुद पनि शबाथ दिनमा असल काम गर्नु वा बिरामीलाई चङ्गाइ गर्नु उचित छ भनेर येशूले कसरी समर्थन गर्नुभएको थियो देहायका पदहरूले दिएको पढ्नुहोस्ः मत्ती १२ः१०-१३ “ त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, “के शबाथमा कसैलाई निको पार्नु उचित छ?” ११ उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पऱ्यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ र? १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु उचित छ।” तब उहाँले त्यस मानिसलाई भन्नुभयो, “तिम्रो हात पसार।” त्यसले हात पसाऱ्यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो।", लूका १३ः१०-१६ “ एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो। ११ त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन सक्दिनथिई। १२ येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो “ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।” १३ तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी। १४ सभाघरका शासक क्रोधित भए, किनकि येशूले शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, “काम गर्ने छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-दिनमा होइन।”

१५ तर प्रभुले जवाफ दिनुभयो, “कपटी हो! तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि गधा फुकाएर पानी खुवाउन लैजाँदैन? १६ अब्राहामकी यो छोरी जो अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट त्यो मुक्त हुनुपर्ने होइन र?” र यूहन्ना ५ः१६,१७ “त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो। १७ तब

**येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहन्छु।"**

हामीहरूको व्यक्तिगत आकांक्षा र चासोलाई एकतातिर राखेर शबाथको पालन गर्नुपर्छ भन्ने कुरा सत्य हो (प्रस्थान २०:९, यशैया ५८:१३)। तर शबाथ भनेको केही नगर्ने समय भन्दै हाथ बाँधेर बस्ने दिन होइन भनेर हामी मान्नुपर्दछ। शबाथको विषयलाई लिएर येशू र फरिसी पण्डितहरूको बीचमा घनघोर बादविवाद भएको बेलामा शबाथ दिनमा असल काम गर्नु जायज छ भनेर येशूले जिकिर गर्नुभएको थियो (मत्ती १२:१२ रूपान्तरित)। यदि कोही बिमारी मर्नै लागेको छ भने त्यसलाई उपचार गर्नु ठिक छ भनेर रब्बीहरूको नियमले भन्दथ्यो। त्यसरी नै यदि कुनै वस्तु शबाथ दिनमा खाल्डोमा खस्यो भने त्यसलाई बचाउन बाहिर निकाल्न मानिसलाई अनुमति थियो। पशुको जीवन मानिसको भन्दा मूल्यवान छैन र? तर त्यस बेलाका धर्मगुरूहरूले दुःख पाएका मानिसहरूलाई भन्दा पशुलाई ज्यादा सरोकार देखाएको हुनाले येशूले तिनीहरूको कठोर हृदयप्रति आपत्ति जनाउनुभएको थियो। शबाथ दिनमा पशुलाई पानी खुवाउनु ठिक छ, तर मानिसलाईचाहिँ निको पार्नुहुन्न रे! (मानिसको जीवन भन्दा पशुको जीवन मूल्यवान ठान्ने धर्मप्रति येशूको आपत्तिलाई सबैले सोच्नुपर्छ)।

"मेरा पिताले काम गरिरहनुभएको छ त्यसकारण म पनि काम गरिरहन्छु" (यूहन्ना ५:१७ रूपान्तरित) भन्ने अभिव्यक्ति पनि अत्यन्त उल्लेखनीय छ। आफ्नो जीवित मानिस र पशुको पक्षमा र हितमा परमेश्वर निरन्तररूपमा काम गरिरहनुहुन्छ भन्ने कुरालाई उपरोक्त कठनले सम्बोधन गरेको पाइन्छ। शबाथ दिनमा पनि जीवजिवातहरूलाई जीवित पारिराख्न र सारा जगत सुचारुरूपले चलाइ राख्न परमेश्वर सक्रिय भइरहनुहुन्छ (हिब्रू १:२,३)।

शबाथलाई पालन गरेर मुक्ति पाइन्छ भन्दै रुढिवादी वा परम्परावादी भएर चल्नु मनासिव छैन भनेर येशूले सिकाउनुभएको थियो। शबाथ पालन गर्नु भनेको हामीहरूको नियमित दैनिक कामबाट विश्राम लिनु हो (हिब्रू ४:१०)। अझ बढि महत्त्वपूर्ण आत्मज्ञान त यो छ कि हामीहरूको कर्म वा कामले हामीहरूको जीवनमा सन्तुष्ट र मुक्ति पाउन असम्भव छ भनेर शबाथको सन्देशले बताउँदछ। मानिसले

आफ्नो स्वार्थ पूरा गर्न शबाथ मानेको शैतान चाहन्छ। यदि शैतानले हामीलाई शबाथको गरिमाको खिलाफमा लैजान असफल हुन्छ भने शबाथको बारेमा कट्टर नीतिलिने बनाएर त्यसको गरिमालाई ओझेलोमा पार्न उसले प्रयास गर्दछ।

**शबाथको बारेमा कट्टर पन्थी वा परम्परावादी हुन सजिलो छ। तर शबाथलाई हल्का रूपमा लिएर त्यसको गरिमालाई वेवास्ता गर्न पनि गाऱ्हो त छैन। तर ती दुईको बीचमा हामीले कसरी संतुलन राखेका छौं वा राख्न के हामी सक्षम् भएका छौं? अरूले शबाथ कसरी पालन गर्छ भनेर आलोचनात्मक नलिनुबाट हामी कसरी चनाखो हुनुपर्छ? शबाथको बारेमा येशूप्रति फरिसी पण्डितहरू रुढिवादी हुन्दै आलोचना गरेको नबिर्सिनुहोस्।**

## ५. येशूको पुनरुत्थानपछि पनि शबाथलाई दिएको सम्मान (मत्ती २४:२०)

हप्ताको सातौं दिनलाई पन्छाएर चौथों आज्ञाले औंल्याएको दिन आइतवार नै हो भनेर धेरै इसाईहरूले ठोकुवा गरेर मान्दछन्। तिनीहरूले आइतबार पालन गर्न धेरै बहानाहरू सिकाएका छन्। त्यसमध्ये येशूको पुनरुत्थान मूल कारण हो। नयाँ नियमको कुनै पनि पदहरूमा र पुनरुत्थानकै मामिलामा पनि सातौं दिनको शबाथलाई निलम्बन गरेर आइतबारलाई मान्नुपर्छ भनेर तोकिएको छैन। उहाँको पुनरुत्थानमा पनि हप्ताको सातौं दिन शबाथको गरिमालाई निरन्तरता दिने येशूको योजना थियो भनेर नयाँ कराररले देखाउँदछ।

**आफ्नो पुनरुत्थान भएको धेरै वर्षपछि पनि शबाथको गरीमालाई उहाँका भक्तहरूले निरन्तरता दिउन् भन्ने येशूको अपेक्षालाई मत्ती २४:२०मा उल्लेख गरेकोलाई तपाईंले के भन्ने? हेर्नुहोस्ः "तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर।"**

आफ्नो मृत्युभएको चालिस वर्षपछि पनि शबाथको पवित्रतालाई सदाझैं मानीरहनुपर्छ भन्ने आभास येशूले दिनुभएको उपरोक्त पदले दिंदछ। सन् ७०मा रोमीहरूले यरुशलेम कब्जा गर्ने भविष्यवाणी येशूले गर्नुभएको थियो। शबाथ दिनमा यरुशलेमबाट हताशनिराश र डरले

भागाभाग हुनु उचित नभएको येशूले जनाउनुभएको थियो। (त्यसकारण आपदको दिन शबाथमा नहोस् भनेर येशूले कामना गर्नुभएको थियो)।

**येशू ख्रीष्टको पुनरुत्थानपछि पनि सातौं दिन शबाथलाई पवित्र राखिएको प्रमाणहरू नयाँ करारको प्रेरितको पुस्तकमा पाइएका छन्। हेर्नुहोस्ः प्रेरित १३:१४, ४२ "तर तिनीहरू पर्गाबाट निस्केर पिसिदियाको एन्टिओखियामा आए, र शबाथमा सभाघरभित्र गएर बसे ।... ४२ पावल र बारनाबास सभाघरबाट निस्केर जान लाग्दा आउँदो शबाथमा पनि यी कुरा सुनाइदेऊन् भनी मानिसहरूले तिनीहरूलाई बिन्ती गरे।" प्रेरित १४:१ "पावल र बारनाबास सभाघरबाट निस्केर जान लाग्दा आउँदो शबाथमा पनि यी कुरा सुनाइदेऊन् भनी मानिसहरूले तिनीहरूलाई बिन्ती गरे।", प्रेरित १७:१,२ "पावल र सिलास अम्फिपोलिस र अपोल्लोनियाको बाटो भएर थेसलोनिकेमा आए। त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो। २ पावल आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र गए, र तीन सातासम्म धर्मशास्त्रबाट तिनीहरूसँग बहस गर्दैरहे।" र प्रेरित १८:४ " हरेक शबाथमा तिनी सभाघरमा बहस गर्थे, र यहूदी र ग्रीकहरूलाई बुझाउने प्रयत्न गर्थे।"**

येशूका चेलाहरू सिनिगग अर्थात् यहूदी चर्चमा जाने आदत उहाँको पुनरुत्थानपछि पनि छोडेका थिएनन्। हामीले पनि प्रत्येक हप्ता चर्चमा गएर परमेश्वरको आराधना गर्ने त्यही बानी बसाल्नु पर्दछ। शबाथ पालन गर्ने अत्यन्त उत्कृष्ट काइदा नै चर्चमा जाने बानी बसाल्नु हो। इसाई जगतको धुरन्धर चेला पावल, शबाथ पालन गर्ने सतमार्गबाट कहिलै पनि चुकेनन्। जहाँ गएतापनि प्रत्येक शबाथ सिनिगगमा हुने शबाथको सेवाकार्यमा उनी निरन्तररूपमा सरिक हुन्थे। येशूकै उदाहरण अनुसार शबाथको दिनमा आराधना स्थल अर्थात् सिनिगगमा जाने चलन पावलको थियो (प्रेरित १७:२)। पावल अन्यजाति अर्थात् गैर-यहूदीहरूको प्रेरित थियो। अन्य जातिमा येशूको सुसमाचार सुनाउने जिम्मा आफूले पाएको दावी उनले गरेका थिए। त्यसै बखत कामबाट होइन तर विश्वासबाट मानिस धर्मी ठहरिन्छ भनेर इसाई जगतमा प्रचार गर्ने प्रमूख योद्धा पावल नै हुनुहुन्थ्यो। तैपनि प्रत्येक शबाथ सिनिगग जान उनी बिराएनन्। यहूदीहरूको बीचमा

उनले येशूको बारेमा प्रचार गरे र साथै पवित्र शबाथको गरिमालाई पनि उनले पालन गरे।

एक शबाथ सिनिगगमा हुने आराधनाको कार्यक्रम सकेको थियो। सुसमाचार प्रचार गर्न पावलसँग गैर-यहूदीहरूले अनुरोध गरे। प्रेरित पावलले ल त भोली अर्थात् आइतबारको दिनमा म प्रचार गर्छु आऊ भनेन् बरू अर्को हप्ताको शबाथ दिनमा प्रवचन सुन्न आऊ भनेर तिनीहरूलाई पर्खाएर राखे। प्रेरित १३:४४मा खुलस्त रूपमा उल्लेख गरिएको छ "अर्को शबाथ झन्डै सारा शहर नै परमेश्वरको वचन सुन्न उर्लेर आए।" प्रेरितको पुस्तकमा भएको उपरोक्त पद र अरू पदहरूमा येशूका कुनै पनि चेलालाई सातौं दिन शबाथलाई हप्ताको पहिलो दिन अर्थात् आइतबारमा परिणत गरियो भन्ने कुनै जानकारी भएको थिएन।

**हुन्छ त ल, कुनचाहिँ सही हप्ताको सातौं दिन शबाथ दिन हो भनेर हामीलाई थाहा छ रे। निःसन्देह, यो अत्यन्त महत्त्वपूर्ण ज्ञान हो। तर हामी शबाथ पालन गर्ने यस्तो इसाई कसरी हुने जो दयालु, सदाशयी, प्रेमिलो, सेवा गर्ने र अरूप्रति संवेदनशील हुने स्वभावको होस्?**

## उपसंहारः

**<u>थप जानकारीको निम्ति</u> एलेन जी ह्वाइटको *द डिजाएर एजेज,* पृ. २८१-२८९को लेख "द शबाथ" पढियो भने लाभदायी हुनेछ।**

"त्यसैकारण मानिसको पुत्र पनि शबाथको प्रभु हो।" येशूले व्यक्त गर्नुभएको उपरोक्त कथन धेरै निर्देशनहरूले भरिएको छ। त्यसले हामीलाई सान्त्वना पनि दिँदछ। हामीलाई सृष्टि गर्ने र पवित्र अर्थात् चोखो बनाउने उहाँ नै हुनुहुन्छ भनेर शबाथले औंल्याउँदछ। सारा स्वर्ग र पृथ्वीमा भएका यावत थोकहरू सृष्टि गर्ने उहाँ नै चर्चको मूली हुनुहुन्छ भनेर शबाथले पहिल्याउँछ। हामीलाई परमेश्वरसँग एकत्रित पार्ने शक्ति उहाँमा नै छ भनेर शबाथले देखाउँदछ। इस्राएलीहरूको बारेमा चर्चा गर्दै परमेश्वरले भन्नुभयो "तिनीहरूलाई चोखो वा पवित्र बनाउने म नै हुँ भनेर थाहा दिन तिनीहरूको र मेरो बीचमा शबाथलाई चिनोको रूपमा तिनीहरूलाई दिएको छु।" इजकिएल २०:१२ (रूपान्तरित)। त्यसैले हामीलाई स्वच्छ राख्ने वा पवित्र राख्ने शक्ति ख्रीष्टमा नै छ भनेर चिनारी गराउने चिनो शबाथ हो भनेर हामीले

स्वीकार्नुपर्दछ। मानिसलाई पवित्र वा शुद्ध पार्ने उहाँको शक्तिलाई शबाथले देखाउने भएकोले उहाँलाई विश्वास गरेर परमेश्वरको इस्राएली हुन चाहने सबैलाई शबाथ दिइएको छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २८८,२८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** हामीहरूलाई ख्रीष्टले सृष्टि गर्नुभएको कारणले र मुक्ति दिनुभएको कारणले हामी ख्रीष्टका हौं। ती दुई अत्यन्त महत्त्वपूर्ण आत्मज्ञानलाई शबाथले कसरी सम्झना गराउँछ?

**आ.** शबाथलाई परम्परावादी भएर मान्ने वा कट्टर भएर मान्दा कस्तो समस्या खडा हुनसक्छ? फेरि त्यसैबखत हल्का रूपमा शबाथलाई मान्दा परमेश्वरले निर्धारण गर्नुभएको चलनलाई कसरी ओझेलोमा पार्न सक्छ? शबाथ सबैको निम्ति साँच्चिकै आशिषको दिन हो भनेर पहिल्याउने नीति कुन् हो?

**इ.** हामी हामीहरूको कर्म वा कामले मुक्ति पाउँदैनौं तर ख्रीष्टको बलिदानले मात्र मुक्ति पाउँछौं भन्ने शुभसन्देशलाई शबाथमा गरिने विश्रामको अवसरले कसरी समर्थन गर्दछ?

**ई.** शबाथमा ख्रीष्टले गर्नुभएको चङ्गाइ कार्यक्रमको उदाहरणले शबाथलाई कसरी पालन गर्नुपर्छ भनेर हामीलाई कसरी सिकाउँछ? यथार्थमा शबाथ के हो भनेर येशूको ती क्रियाकलापले हामीलाई देखाउन खोजेको छ?

**उ.** शबाथलाई पवित्र तथा चोखो राख भनेर परमेश्वरले हामीलाई भन्नुभएको छ। शबाथमा गरिने केही विभिन्न क्रियाकलापहरूको बारेमा तपाईं सोच्नुहोस्। तिनीहरूले शबाथको गरिमालाई कसरी समर्थन गर्दछ? अझ, शबाथमा गरिने तपाईंको क्रियाकलापले तपाईंलाई परमेश्वरको नजिक अझ कसरी ल्याइरहेको छ?